आज मिति २०७९/०३/०२ गतेका दिन महाकुलुङ गाउँपालिकाका अध्यक्ष श्री सुर्य बहादुर राईज्यूको अध्यक्षतामा महाकलुङ गाउँ कार्यपालिकाको सदस्यहरुको बैठक बसी तपसिल बमोजिमका निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| १. श्री सुर्य बहादुर राई | - अध्यक्ष |
| २. श्री विपना कुलुङ | - उपाध्यक्ष |
| ३. श्री पर्खिधन राई(१ नं वडा अध्यक्ष) | - सदस्य |
| ४. श्री प्रदिप राई (२ नं वडा अध्यक्ष) | - सदस्य |
| ५. श्री सरस्वती राई(४ नं वडा अध्यक्ष) | - सदस्य |
| ६. श्री दुर्गा बहादुर राई(३ नं वडा अध्यक्ष) | - सदस्य |
| ७. श्री महल सिं राई (५ नं वडा अध्यक्ष) | - सदस्य |
| ८. श्री सिद्धिमनी कुलुङ | - सदस्य |
| ९. श्री दौलित कुलुङ | - सदस्य |
| १०. श्री सीतामाया वि.क | - सदस्य |
| ११. श्री चस्मिता वि.क | - सदस्य |
| १२.श्री निर कुमारी कुलुङ | - सदस्य |
| १३.श्री सारदा कुलुङ | - सदस्य |
| १४.श्री विष्णु रंजन बराल | - प्रमुख प्रशासकीय अधिकृत |
| १५.श्री नारायणकाजी बस्नेत | - लेखा अधिकृत |
| १६.श्री अनु जंग राई | - खरिदार |

<u>निर्णयहरुः</u>

१. स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम स्थानिय राजस्व समिति गठन गर्नुपर्ने व्यवस्था अनुसार तपशिलका संयोजक एवंम सदस्य रहने गरी समिति गठन गरियो ।

| | |
|---|---|
| क) उपाध्यक्ष श्री विपना कुलुङ | - संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत श्री विष्णु रंजन बराल | - सदस्य |
| ग) ३ नं वडा अध्यक्ष श्री दुर्गा बहादुर राई | - सदस्य |
| घ) कार्यपालिका सदस्य श्री निर कुमारी कुलुङ | - सदस्य |
| ङ) राजस्व शाखा प्रमुख श्री नारायण काजी बस्नेत | - सदस्य सचिव |

२. स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था अनुसार तपशिलका संयोजक एवंम सदस्य रहने गरी समिति गठन गर्ने निर्णय गरियो

क) अध्यक्ष श्री सुर्य बहादुर राई - संयोजक
ख) उपाध्यक्ष श्री विपना कुलुङ - सदस्य
ग) २ नं वडा अध्यक्ष श्री प्रदिप राई - सदस्य
घ) १ नं वडा अध्यक्ष श्री पर्खिधन राई - सदस्य
ङ) ४ नं वडा अध्यक्ष श्री सरस्वती राई - सदस्य
च) ५ नं वडा अध्यक्ष श्री महल सिं राई - सदस्य
छ) प्रमुख प्रशासकिय अधिकृत श्री विष्णु रंजन बराल - सदस्य सचिव

३. महाकुलुङ गाउँ कार्यपालिका(कार्यसम्पादन) नियमावली २०७४ नियम १५ बमोजिम समिति र सदस्य रहने गरी समिति गठन गर्ने निर्णय गरियो ।

क) सामाजिक सेवा तथा क्षमता विकास समिति
- I. श्री पर्खिधन राई - संयोजक
- II. श्री सरस्वती राई - सदस्य
- III. श्री प्रदिप राई - सदस्य

ख) आर्थिक विकास समिति
- I. श्री प्रदिप राई - संयोजक
- II. श्री सारदा कुलुङ - सदस्य
- III. श्री सिद्धिमनी कुलुङ - सदस्य

ग) सार्वजनिक सेवा तथा क्षमता विकास समिति
- I. श्री महल सिं राई - संयोजक
- II. श्री सीतामाया वि.क - सदस्य
- III. श्री चस्मिता वि.क - सदस्य

घ) पूर्वाधार विकास समिति
- I. श्री सदस्वती राई - संयोजक
- II. श्री पर्खीधन राई - सदस्य
- III. श्री प्रदिप राई - सदस्य

ङ) वातावरण तथा विपद व्यवस्थापन समिति
- I. श्री दुर्गा बहादुर राई - संयोजक
- II. श्री निरकुमारी कुलुङ - सदस्य
- III. श्री चस्मिता वि.क - सदस्य

च) विधेयक समिति

i. श्री दौलित कुलुङ - संयोजक
ii. श्री प्रदिप राई - सदस्य
iii. श्री पर्खीधन राई - सदस्य

४. स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था अनुसार तपशिलका सदस्य रहने गरी बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने निर्णय गरियो ।

क) उपाध्यक्ष श्री विपना कुलुङ - संयोजक
ख) १ नं वडा अध्यक्ष श्री पर्खिधन राई - सदस्य
ग) २ नं वडा अध्यक्ष श्री प्रदिप राई - सदस्य
घ) ३ नं वडा अध्यक्ष श्री दुर्गा बहादुर राई - सदस्य
ङ) ४ नं वडा अध्यक्ष श्री सरस्वती राई - सदस्य
च) ५ नं वडा अध्यक्ष श्री महल सिं राई - सदस्य
छ) प्रमुख प्रशासकिय अधिकृत श्री विष्णु रंजन बराल - सदस्य
ज) योजना शाखा प्रमुख श्री खरिधन राई - सदस्य सचिव

५. यस गाउँपालिकाको योजना, नीति तथा कार्यक्रम तर्जुमा समिति तपशिलका सदस्य रहने गरी योजना नीति तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने निर्णय गरियो ।

क) महाकुलुङ गा.पा अध्यक्ष श्री सुर्य बहादुर राई - अध्यक्ष
ख) महाकुलुङ गा.पा उपाध्यक्ष श्री विपना कुलुङ - सदस्य
ग) महाकुलुङ गा.पा १ नं वडा अध्यक्ष श्री पर्खिधन राई — सदस्य
घ) २ नं वडा अध्यक्ष श्री प्रदिप राई - सदस्य
ङ) ३ नं वडा अध्यक्ष श्री दुर्गा बहादुर राई - सदस्य
च) ४ नं वडा अध्यक्ष श्री सरस्वती राई - सदस्य
छ) ५ नं वडा अध्यक्ष श्री महल सिं राई - सदस्य
ज) कार्यपालिका सदस्य श्री निरकुमारी कुलुङ - सदस्य
झ) शिक्षा अधिकृत श्री झमक बहादु कटुवाल - सदस्य सचिव

६. नेपालको संविधानकव धारा २१७ बमोजिम न्यायिक समिति गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा तपशिलका तीन सदस्य रहने गरी गठन गर्ने निर्णय गरियो

क) उपाध्यक्ष श्री विपना कुलुङ - संयोजक
ख) २ नं वडा अध्यक्ष श्री प्रदिप राई - सदस्य

ग) गाउँ सभा सदस्य श्री देवनारायण राई - सदस्य

७. आ.व २०७८/७९ मा विनियोजित घरेलु हिंसा प्रभावितका लागि सेवा केन्द्र सल्लेरी सोलुखुम्बुको लागि छुट्याइएको बजेट रु १५०,०००।—(अक्षरेपी एक लाख पचास हजार रुपैया मात्र) विल भर्पाइको आधारमा भक्तानी गर्न कार्यपालिकाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

८. आ.व. २०७७/७८ मा हुँगा खोला तितिलाघाट झोलुङ्गे पुल निर्माणको लागि उपभोक्ता समिति सँग सम्झौता भई कार्य सम्पन्न भएको र अन्य सम्पूर्ण भुक्तानी लिए पनि यस पालिकाले व्यहोर्ने लगानी(समपुरक कोष) बापतको रकम गत आ.व मा विनियोजन नभएको कारण यो आ.व २०७८/७९ मा रु ३७०,०००।—(अक्षरेपी तीन लाख सत्तरी हजार रुपैया मात्र) उक्त आयोजनकाका लागि गत आ.व को जिम्मेवारी स्वरुप समपुरक कोषमा विनियोजन भएकोले विनियोजित रकम सम्बन्धित उ.स लाई भुक्तानी गर्न कार्यपालिका बैठकमा निर्णय गरियो ।

९. आ.व २०७८/७९ मा महाकुलुङ गा.पा अन्तर्गत वडा नं ४ र ५ को वडा भवन निर्माणको लागि जि.स.स सँग सम्झौता भई जि.स.स को लगानी अंश स्वरुप प्राप्त भएको रकमलाई जि.स.स स्रोतामा रु ३१,३६,२९९।— रकम आम्दानी बाधी जि.स.स समपुरक कोष बजेटमा समावेश गर्ने निर्णय गरियो ।

१०. महाकुलुङ गा.पा को वडा नं ४ को निर्माणाधिन वडा कार्यालिको भवन निर्माण कम्पनीलाई २०७९ जेठ १४ सम्मको लागि सम्झौता गरिएकोमा निर्माण कार्य सम्पन्न नभएको भनी २०७९/०१/०६ मा कम्पनीले म्याद थपको लागि कार्यालयलाई अनुरोध गरिएको हुनाले उक्त मिती देखि लागु हुने गरी २०७९ पुस महिना सम्म म्याद थप गर्ने निर्णय गरियो ।

११. महाकुलुङ चक्रपथ स्तरउन्नतीको पहिलो खण्डको कार्य ठेक्का सम्पन गर्नका लागि चालू आ.व मा छुट्याइएको रु २५,००,०००।—(अक्षरेपी पच्चिस लाख रुपैया मात्र) ठेक्का सम्झौताको सर्त रकम अनुसार अपुग भएको हुनाले गा.पा को भैपरी आउने पुँजीगत शिर्षकमा रहेको रकमबाट रु ३३,८०,०००।—(अक्षरेपी तेत्तिस लाख असी हजार रुपैया मात्र) महाकुलुङ चक्रपथ स्तरउन्नती शिर्षकमा थप गर्ने निर्णय गरियो ।

१२. महाकुलुङ चक्रपथ स्तरउन्नतीको लागि राडुर कन्सट्रक्सनसँग सम्झौता भएको म्याद थप जेठ मसान्त सम्म भएकोलाई अनुमोदन गर्ने साथै उक्त म्याद थप गर्दा निर्माण व्यवसायी र कार्यालय बिच भएको भेरिएसनलाई अनुमोदन गरी प्रविधिक कार्य सम्पन्न प्रतिवेदन अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

१३. गत आ.व २०७७/७८ को महालेखा परिक्षकको कार्यालयबाट प्राप्त प्रतिवेदन अनुसार बेरुजु रकम सम्बिन्धित उ.स र फर्मबाट कार्यालयमा दाखिला भएको रकमलाई

कार्यालयले बेरुजु स्रोतमा आम्दानी बाधी समावेश भएको रु ४२,११४र-(अक्षरेपी बयालिस हजार एक सय चौध रुपैया।) संघीय बेरुजु कोषमा बेरुजु दाखिला गर्ने निर्णय गरियो ।

१४.महाकुलुङ गा.पा वडा नं १ निवासी कामी शेर्पाको छोरा श्री पासाङ ओङ्छु शर्पाले मिति २०७९/०१/२९ गतेका दिन महाकुलुङ गा.पा को लोगो सहितको झण्डाको साथ सगरमाथाको सफल आरोहण गर्नु भएकोमा हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

१५.यस कार्यालयका इन्जिनियर श्री जोसन कठेत रामप्रसादराई गाउँपालिकामा सरुवा हुनुभएको हुँदा यस कार्यालयमा अर्को व्यवस्था नभएसम्म कार्यालयका सब-ईन्जिनियर श्री साजन कोइरालाको ईन्जिनियरिङमा वि.इ सिभिलको शैक्षिक योग्यता प्राप्त गरेको देखिदा निजलाई यस गा.पा को इन्जिनियर पदको कार्य गर्न तोक्ने निर्णय गरियो ।

१६.यस गा.पा भित्र रहेका कुलुङ सहित अन्य जातिहरुको सूचीकरणका लागि १ महिनाको समय दिई सूचीकरणका लागि दरखास्त आह्वान गर्ने र कुलुङ भाषालाई सरकारी काम काजको भाषा तोक्ने निर्णय गरियो ।